फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavreado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

## उन्नत प्रविधि प्रदर्शन कार्यक्रममा सहभागितका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

सूचना नं. १७/०८१/०८२

सूचना प्रकाशित मितिः २०८१/१०/०७

कृषि विकास कार्यालय, काभ्रेपलान्चोकको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "उन्नत प्रविधि प्रदर्शन कार्यक्रम" कार्यालयले छनौट गरेको प्रदर्शन स्थलमा सन्चालन गर्न काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्ला भित्रका इच्छुक आवेदकहरु (कृषक समूह, उत्पादनमुलक सहकारी) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८१/१०/२७) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका सहयोगि कागजातहरु सहित आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेल वा कार्यालयको सेवा केन्द्र चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रम को नाम | इकाइ/ परिमाण | कुल बजेट रु. लाखमा | संचालन गर्न सकिने क्रियाकलाप | | | स्विकृत कार्यविधि |
|---|---|---|---|---|---|---|
| | | | तरकारी खेती तर्फ | खाद्यान्न बाली तर्फ | फलफुल बाली तर्फ | |
| उन्नत प्रविधि प्रदर्शन | पटक ४ | १४.४ | • स्मार्ट नर्सरी, बाली संरक्षण एवं बाली पोषण सम्वन्धि क्रियाकलापहरु<br>• संरक्षित संरचना भित्र फर्टिगेसन,<br>• सूचित/सिफारिश भएका नंया जातहरु (उन्नत/हाइब्रिड) को जातीय प्रदर्शन लगायत | •राइस ट्रान्स प्लान्टर मार्फत धान रोपण,<br>•शून्य/न्युनतम खनजोत प्रविधि,<br>• सूचित/सिफारिश भएका नंया जातहरु (उन्नत/हाइब्रिड) को जातीय प्रदर्शन लगायत | • सुन्तलाजात वगैचामा थोपा सिंचाइ सहितको प्रविधि<br>• किवि/ड्रागन फ्रुट खेतिमा थोपा सिंचाइ सहितको प्रविधि आदि | एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ |

आवश्यक कागजातहरू:

१. रु. १०/- को टिकट टाँस गरी स्विकृत कार्यविधि को अनुसूची बमोजिम उल्लेखित निर्धारित फर्मेट अनुसारको प्रस्ताव पत्र/आवेदन,
२. क्षेत्रफल खुल्ने कागजातहरु साथै जग्गा लिजमा लिएको भए कम्तिमा ५ वर्षका लागि जमिन भाडामा लिएको प्रमाण एवं निरन्तर कृषि कार्य गर्ने प्रतिवद्दता/स्वघोषणा पत्र,
३. समुह/सहकारी दर्ता/अद्यावधिक प्रमाणत्र तथा प्रस्ताव पेश सम्वन्धि समुह/सहकारी संस्थाको वैठक निर्णयको प्रतिलिपि,
४. स्थानीय तहको कृषि शाखाको प्रस्तावित प्रविधि प्रदर्शन स्थल तथा सहभागी हुने कृषकको प्राविधिक रुपमा उपयुक्त रहेको सिफारिस पत्र,
५. कार्यक्रम संचालन तथा संरचना निर्माणका लागि आवश्यक जग्गा पर्ने भएमा न्युनतम मापदण्ड तोकिए बमोजिमको लालपुर्जाको प्रतिलिपि साथै जग्गा लिजमा लिएको भए सम्वन्धित वडा कार्यालय वा तोकिएको निकायबाट प्रमाणित करार सम्झौताको प्रति,
६. खुला जमिनमा तरकारी बालीका लागि कम्तीमा २ रोपनी, फलफूल बालीका लागि कम्तिमा ४ रोपनी, संरक्षित संरचनामा तरकारी खेतीका लागि १८० वर्ग मिटर र खाद्यान्न बालीका लागि कम्तिमा ५ रोपनी क्षेत्रफल न्यूनतम,
७. अख्तियार प्राप्त तथा प्रदर्शन कार्यक्रम गरिने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि.

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख

CamScanner